# युट्युब च्यानलको पनि नियमन गर्दै सरकार

## गालीगलौजको उजुरीमा एक युट्युबर पक्राउ

**हिमालय टाइम्स**

**काठमाडौं, २३ फागुन**



इन्टरनेटको माध्यमबाट श्रव्य दृश्य आफैंले निर्माण गरी प्रसारण गर्नेहरूका लागि सरकारले राष्ट्रिय प्रसारण नियमावली लागू गरेको छ । विशेषगरी इन्टरनेटको माध्यमबाट भिडियो सामग्री प्रसारण गर्नेहरूलाई नियमनको दायरामा ल्याउन सक्नेगरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावली लागू गरेको हो । सरकारले राष्ट्रिय प्रसारण नियमावली २०५२ लाई ११औं संशोधन गर्दै ओभर दि टप (ओटीटी), भीओडी र अनलाइन टेलिभिजन सेवा दिने कम्पनीले नेपालभित्रै क्यास सर्भर राखेर सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको हो ।

सरकारको यो नियमावलीसँगै विशेषगरी भिडियो शेयरिङ साइट युट्युशमार्फत भ्रमित सामग्री प्रसारण गर्नेहरूका लागि आगामी दिनमा असहज हुने देखिएको छ । पछिल्लो समय युट्युबरले विभिन्न गलत सूचना प्रवाह गरेको र समाजमा अफवाह फैलाइरहेपछि सरकारले यो नियमावली ल्याएको हो ।

संशोधित नियमावलीले पहिलोपटक ओटीटी/भीओडी र अनलाइन टिभीलाई सम्बोधन गरेको हो । यसमा 'युट्युब च्यानल' भने कतै उल्लेख छैन । तर, नियमावलीमा गरिएको ओटीटीको परिभाषा र अनलाइन टिभीको परिभाषा दुवैले युट्युबलाई समेट्न सक्छ । नियमावलीमा ओटीटीको परिभाषा यसरी गरिएको छ, 'उपभोक्ताको मागबमोजिमको कुनै कार्यक्रम डिटिएच केबल वा उपग्रह टेलिजिनको माध्यम प्रयोग नगरी इन्टरनेटमार्फत गराइने सेवा सम्झिनुपर्छ र सो शब्दले इन्टरनेटमार्फत अरू प्लेटफर्ममाथिको मिडिया स्ट्रिमिङ सेवासमेतलाई जनाउँछ ।'

'इन्टरनेटमार्फत अरू प्लेटफर्ममाथिको मिडिया स्ट्रिमिङ सेवा' भनिसकेपछि यसले स्वत: युट्युब च्यानललाई समेट्ने देखिन्छ । यस्तै सरकारको नियमावलीमा अनलाइन टिभिको इजाजतपत्रका लागि ५ लाख रुपैयाँ तिर्नुपर्ने उल्लेख छ । यसमा भनिएको छ, 'अनलाइन टेलिभिजन (इन्टरनेट टिभी) भन्नाले इन्टरनेटमार्फत आफैंले उत्पादन गरी नियमित रूपमा श्रव्य दृष्य कार्यक्रम प्रसारण गर्ने कार्य सम्झिनुपर्छ ।' अनलाइन टिभीको परिभाषामा युट्युब च्यानलसँग मिल्ने खालको छ । यद्यपि युट्युब भनेर तोकिएको भने छैन ।

युरोपियन टेलिकम्युनिकेसन्स स्टाण्डर्ड इन्स्टिच्युटले आइपीटीभी र ओटीटीको फरक छुट्याएको थियो । उक्त रिपोर्टले पनि युट्युब च्यानलको प्रकृति ओटीटीसँग मिल्दोजुल्दो देखिन्छ ।

अहिले कतिपयले चाहिँ यी दुवै परिभाषाले युट्युबरलाई नसमेट्न तर्क गरेर युट्युब च्यानलका लागि यो कानुन नरहेको पनि बताउन थालेका छन् । ओटीटी सेवा दिने कम्पनीले हरेक ग्राहकसँग भएको कारोबारको लेखा 'ग्राहक व्यवस्थापन प्रणाली'को सर्भरमा सुरक्षित राख्नुपर्नेछ । यस्ता विवरणहरू प्रत्येक महिना सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई उपलब्ध गराउनुपर्ने छ । तोकिएका सर्भर नेपालभित्रै नराखे ओटीटी, भीओडी जस्ता सेवाको इजाजतपत्र नै नदिने व्यवस्था नियमावलीमा गरिएको छ । यस्तो सेवा दिने कम्पनीले आफ्ना नियम, गोपनीयताको नीति, प्रसारकको कम्प्युटर स्रोतको पहुँच वा प्रयोगका लागि प्रयोगकर्ता सम्झौता सार्वजनिक गर्नुपर्नेछ ।

ओटीटीले आफ्नो वेबसाइटमा गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क नम्बर राख्नुपर्ने र ग्राहकको गुनासो ३० दिनभित्र सम्बोधन गर्नुपर्ने नियमावलीमा उल्लेख छ । ओटीटीमार्फत सेवा दिने कम्पनीले प्रशारित समाग्रीको अभिलेख (ब्याकअप) कम्तीमा ६० दिनका लागि सुरक्षित राख्नुपर्नेछ । त्यस्तो अभिलेख सरकारले मागेका बेला दिनुपर्नेछ ।

ओटीटी सेवा प्रदायकले आफ्ना कार्यक्रमलाई तीन भागमा विभाजन गर्नुपर्नेछ । बालबालिका र सबै उमेर समूहलाई उपयुक्त हुने कार्यक्रमलाई 'यू' रेटिङ दिनुपर्नेछ । १० वर्षदेखि १८ वर्षसम्मका लागि उपयुक्त हुने कार्यक्रमलाई 'आर' र १८ वर्षभन्दा माथिका लागि मात्रै उपयुक्त हुने कार्यक्रमलाई 'ए' रेटिङ दिनुपर्ने छ । ओटीटीले इजाजतपत्रका लिन एक करोड रुपैयाँ शुल्क तिर्नुपर्नेछ । भीओडीका लागि २ लाख र टेलिभिजनले आफैंले आफ्नो वितरण नेटवर्कमा टेलिभिजन कार्यक्रम प्रसारण गर्ने इजाजत लिन १० लाख रुपैयाँ शुल्क बुझाउनुपर्नेछ ।

### ● एक युट्युबर पक्राउ

युट्युब च्यानलमार्फत भ्रमपूर्ण समाचार सम्प्रेषण गरेको आरोपमा प्रहरीको साइबर ब्युरोले 'सेलेब नेपाल' नामक युट्युब च्यानलका सञ्चालक राहुल थापालाई पक्राउ गरेको हो ।

अभिनेत्री रेखा थापाले दिएको उजुरीका आधारमा उहाँलाई पक्राउ गरिएको साइबर ब्युरोले जनाएको छ । यस्तै युट्युबमार्फत अभिनेत्री थापामाथि गालीगलौज गरेको अभियोग लागेकी काठमाडौंको बालाजु बस्दै आएकी शर्मिला बाइवालाई भने पक्राउ पुर्जी जारी भइसकेको ब्युरोका प्रहरी वरिष्ठ उपरीक्षक नवीन्द अर्यालले जानकारी दिनुभएको छ ।

# पोल्याण्डमा दश लाखभन्दा बढी युक्रेनी शरणार्थी



**एजेन्सी**

**वारसा, २३ फागुन**

पोल्याण्डमा दश लाखभन्दा बढी युक्रेनी शरणार्थीले आश्रय लिनपुगेका छन् । रूस-युक्रेन द्वन्द्वका कारण छिमेकी देश पोल्याण्डमा सबैभन्दा धेरै शरणार्थीले आश्रय लिन पुगेका हुन् । आइतबारमात्र एकलाख ४२ हजार शरणार्थीले पोल्याण्ड प्रवेश गरेको पोलिस सीमा गार्डले बताएका छन् । यस्तै सोमबार बिहान ७ बजे पोलिस युक्रेनी सीमामा ४२ हजार शरणार्थी पुगेको कुरा गार्डले ट्वीटरमा जानकारी दिएको अलजजिराले जनाएको छ । पोल्याण्डसहित विभिन्न छिमेकी देशमा १५ लाख बढी शरणार्थी युक्रेनबाट पुगेका छन् । यता युक्रेनमा मानवीय संकट गहिरिँदै गएको छ । १२ दिनदेखि रूसले जारी राखेको आक्रमणले मानवीय संकट गहिरिँदै गएको हो । आवसीय क्षेत्रमा रूसले आक्रमण जारी राखेपछि सर्वसाधारणलाई खाना र पानीको अभावसमेत चर्किंदै गएको छ । सैनिक नभएको क्षेत्रमा समेत रूसले तीव्र रूपमा मिसाइल र रकेट आक्रमण जारी राखेको छ । यी क्षेत्रमा आक्रमणमा मृत्यु भएकाको शव उठाउन र घाइतेलाई अस्पताल पुऱ्याउनसमेत समस्या भएको छ ।

रूसी आक्रमणमा मारिएका कयौं व्यक्तिको शव सडकमै रहेको बताइएको छ । आइतबार इरपिन नगरबाट सुरक्षित स्थानतर्फ भाग्दै गरेका सर्वसाधारणमाथि रूसले गोलाबारी गरेको थियो । भाग्न निस्किएका कयौं मानिस रूसी आक्रमणमा मारिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । यस्तै राजधानी किभमा रूसी फौजले आइतबार अबेरसम्म भीषण गोलाबारी गरेको छ । साथै मारियुपोल र खार्किभ शहरका आवसीय भवनमा भीषण बम वर्षा भएको छ ।

यसैबीच रूसले युक्रेनको राजधानी किभ, मारिउपोल, खार्किभ, सुमी शहरहरू छाड्न चाहनेका लागि भन्दै युद्धविरामको घोषणा गरेको छ । रूसी फौजले ती शहरहरूमा स्थानीय समयअनुसार सोमबार बिहान १० बजे देखि युद्धविराम घोषणा गरेको हो । युक्रेनमा मानवीय प्रतिक्रियाका लागि अन्तरविभागीय समन्वयको कार्यालयलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएनुसार विपत्तिजनक मानवीय अवस्था र कीभ, खार्किभ, सुमी र मारिउपोल शहरहरूमा यसको तीव्र उग्रतालाई ध्यानमा राख्दै युद्धविराम घोषणा गरिएको हो । २४ फेब्रुवरीमा रूसी फौजले युक्रेनमा सैनिक कारबाही थालेयता त्यहाँ भिडन्त जारी छ । केही दिनअघिमात्रै दुई मुलुकले मारिउपोल शहरमा युद्धविराम गरी शहर छाड्न चाहनेहरूका लागि सुरक्षित मार्गको व्यवस्था गर्ने सहमति गरेका थिए । यद्यपि सो क्षेत्रमा रूसी आक्रमण नरोकिएको युक्रेनी दाबी छ ।

### ● विश्व बजारमा कच्चा तेलको मूल्य १३ वर्षयताकै उच्च

एजेन्सी/विश्व बजारमा कच्चा तेलको मूल्य पछिल्लो १३ वर्षयताकै उच्च भएको छ । अमेरिकाले रूसबाट हुने इन्धनको आयात रोक्ने सम्बन्धमा छलफल गरिरहेको बताएपछि विश्व बजारमा कच्चा तेलको मूल्य बढेको हो । कच्चा तेलको मूल्य प्रतिब्यारेल १३९ अमेरिकी डलर पुगेर १३० डलरमा आइ स्थिर भएको एजेन्सीले जनाएका छन् । सन् २००८ को जुलाई यता तेलको मूल्य यो तहमा पुगेको पहिलोपटक हो । यसैबीच, रूस र युक्रेनको युद्धका कारण मध्यपूर्वी तथा उत्तरी अफ्रिकाका देशमा खाद्यान्नको अभाव हुनसक्ने विश्लेषण गरिएको छ ।

# वासु शशी स्मृति परिषद्द्वारा पुरस्कार घोषणा

वासु शशी स्मृति परिषद्
(स्थापना – २०५०)
चाबहिल, काठमाडौं

**काठमाडौं/हिटा ।** वासु शशी स्मृति परिषद्ले विभिन्न सम्मान तथा पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ । परिषद्ले 'वासु शशी साहित्य सम्मान २०७८' कवि शैलेन्द्र साकारलाई प्रदान गर्ने निर्णय गरेको छ । त्यसैगरी 'वासुशशी साहित्य पुरस्कार २०७७' कवि राधेश्याम लेकालीलाई, र 'वासु शशी साहित्य पुरस्कार २०७८' कवि तथा निबन्धकार मोमिलालाई प्रदान गर्ने निर्णय गरेको छ ।

परिषद्ले 'कुमार-सरस्वती साहित्य पुरस्कार २०७८' कथाकार ध्रुव मधिकर्मीलाई प्रदान गर्ने निर्णय गरेको छ । सम्मानित तथा पुरस्कृत स्रष्टाहलाई सम्मानपत्रकासाथ जनही २५ हजार नगद राशि प्रदान गरिने जनाएको छ ।

परिषद्का अध्यक्ष गणेश रसिकको अध्यक्षतामा हालै बसेको बैठकले पुरस्कार तथा सम्मान गर्ने निर्णय गरेको हो । उक्त सम्मान तथा पुरस्कार आउँदो चैत १३ गते प्रदान गरिने परिषद्का सचिव प्रद्युम्न जोशीले जानकारी दिनुभएको छ ।


**कर्णाली प्रदेश सरकार**
**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**
**पूर्वाधार विकास निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
**रुकुम (पश्चिम), नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/११/२४ गते**

यस कार्यलयबाट तपशिल मितिहरुमा प्रकाशित सूचना बमोजिम e-GP System मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही तपशिल उल्लेखित बोलपत्र स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| क्र.सं. | योजनाको नाम/ठेक्का नं. | सुचना प्रकाशित | न्यूनतम बोलअंक कबोल गर्ने बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| १ | रिम्ना,गरैला,गाराघाट,पिपल सडक निर्माण Contract No. IDO/RKM/NCB/W/2078/079/10 | २०७८।०९।१३ हिमालय टाइम्स राष्ट्रिय दैनिक | श्री साईकुमारी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.ली ,आठविसकोट न.पा.रुकुम (पश्चिम) । | ९७,४०,००८।९१ |
| २ | गाराघाट,गरैला,सडक निर्माण Contract No. IDO/RKM/NCB/W/2078/079/11 | २०७८।०९।१३ हिमालय टाइम्स राष्ट्रिय दैनिक | श्री ओली निर्माण सेवा एण्ड सप्लायर्स,जाजरकोट । | ८८,४९,५५०।०३ |

**कार्यालय प्रमुख**



**Invitation for Bids**

**Shree Bhanu Secondary School**
**Makawanpurgadhi Rural Municipality -03**
**Makranchuli, Makawanpur**
**Bagamati Province, Nepal**

Invitation for bids for the Construction Work under the below mentioned Contracts

First Date of publication: 08/03/2022 (2078/11/24)

**Shree Bhanu Secondary School, Makawanpur** invites electronic bids from eligible bidders. Eligible Bidders may obtain further information at office. The name and identification of the contracts are as follows.

| S. N. | Contract No. | Description of Work | EstimatedAmount (WithoutVAT &Contingency) | Bid Security Amount | Bid Document Price |
|---|---|---|---|---|---|
| 1. | SBSS/ NCB/01/ 2078-079 | Construction of School Building of Shree Bhanu Secondary School (Adhuro Bhawan) | 26,53,614.05 | 80,000.00 | 3000.00 |

**Principal**



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**सडक डिभिजन भक्तपुर**

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

सूचना प्रकाशित मिति : २०७८/११/२४

यस डिभिजनको २०७८/८/१० गतेको सूचना अनुसार पर्न आएका प्रस्तावहरु मध्ये तपसिलका निर्माण व्यवसायीहरु प्राविधिक मुल्याङ्कनमा सफल भएकोले २०७८/१२/०२ गते दिनको १३:०० बजे आर्थिक प्रस्ताव खोलिने सबैको जानकारीको लागि सूचित गरिन्छ ।

**तपसिल**

| ठेक्का नं. DROBKT/ 33701138/078/79-11 | | | |
|---|---|---|---|
| 1 | Gauri Ganesh Nirman Sewa | 2 | CM/Nawashrijanshil/Slate JV |
| 3 | Dragon/TSN JV Kathmandu | 4 | Gajurmukhi/Ganesh & Ganga JV |
| 5 | Gauriparbati/Kharidhunga/Golmeshwor JV | 6 | PR Infrastructure Pvt.Ltd. |
| 7 | Bright/Kshitiz/PSK JV | 8 | Diwa/Shanti JV |
| 9 | Lama Construction & Suppliers | 10 | Sobarna/Bhandari/RR JV |
| 11 | Tulsi/Prera/Nayayug J.V | 12 | P.S./Kaushil JV |
| 13 | Contech/Dharma S JV | 14 | Golden good/Kamaljit/RA JV |
| 15 | Himdung & Thokar/Kuitumba/KAM JV | 16 | Rautaha /Devithan JV |
| 17 | Uma/Saptapath/Kali JV | 18 | Om Buddha/ Shivakhamti JV |
| 19 | Bandan Bhagawati/Ghising/Joshi G JV | | |

**डिभिजन प्रमुख**



**लक्ष्मीपुर पतारी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**महेशपुर पतारी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०७८/११/२४ गते)**

यस कार्यालयद्धारा तपसिलका निर्माण कार्यको लागि मिति २०७८/११/०२ गते हिमालय टाइमस पत्रिकामा प्रकाशित बोलपत्र अहवान सम्बन्धी सूचना बमोजिम प्राविधिक प्रस्ताव खोली सार्ववजनिक खरिद ऐन, नियमावली र विड डोकुपेन्टमा राखिएका मुल्याङकनमका प्रावधानहरुका आधारमा परीक्षण गरी हेर्दा रीतपूर्वक प्राप्त भएका सम्पुर्ण ई. बोलपत्रहरुमध्ये तपसिलको बोलपत्रदाताहरुको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएकोले निजहरुको आर्थिक प्रस्ताव तपसिलको मिति, समय र स्थानमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१(ङ) को ५ को प्रयोजनार्थ सम्पुर्ण सरोकारबालाहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**आर्थिक प्रस्ताव खोलिने मिति :-** २०७८/११/२६

**समय :-** दिनको १२:०० बजे

**ठाउँ :-** लक्ष्मीपुर पतारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

| क्र.सं. | आयोजनाको नाम | ठेक्का नम्बर | बोलपत्रदाताको नाम |
|---|---|---|---|
| 1 | Construction of Historical, religious and touristic place patari pond beautification, rehabitation, tourism promotion | LPRM/WORKS/ NCB/02/078/079 | 1. M/S Sunkoshi-Jay Maa J/V (Kathmandu, Nepal) 2. M/S Tulsi Construction (Bhaktapur, Nepal) |


CMYK